# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बारेकोट गाउँपालिका

### जाजरकोट





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बारेकोट गाउँपालिका

### जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## बारेकोट गाउँपालिका

जाजरकोट

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ८० लाख ९७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१३ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६३ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ९४ लाख ५४ हजार र पेश्की रू. ८ लाख ६१ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.८ करोड २१ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१२ करोड १ लाख ४० हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

बारेकोट गाउँपालिका, जाजरकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६१ | ८४ | ४८०९७ | ० | ० | ० | ६१ | ८४ | ४८०९७ | १३८७ | ३९४५४ | ६३९५ | ० | ० | ४५८९ | ८६१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारेकोट गाउँपालिका, जाजरकोट | ८२१३० | ० | १००८७ | ७२०४३ | ० | ४८०९७ | १२०१४० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बारेकोट गाउँपालिका, जाजरकोट , बारेकोट गाउँपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रकाश गिरी | २०७८-१२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राज बहादुर सिह | २०७४-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४८,०९६,८५८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४,९४,३८,२०७.४८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,४१,०३,६५९ | **चालु खर्च** | २७,७४,८३,१२२.१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,४०,७०,०१९ | **पूँजीगत खर्च** | १३,९६,७६,२९४ |
| **राजश्व बाँडफाँट** | ८,१५,५८,८०४.०६ | **वित्तीय/अन्य व्यवस्था** | ४१,५४,५३४.९६ |
| **आन्तरिक आय** | १७,१९,६८१ | | |
| **अन्य आय** | ३५,७०,२६८.९६ | | |
| **कुल आय** | ४५,५०,२२,४३२.०२ | **कुल खर्च** | ४२,१३,१३,९५१.०६ |
| **बाँकी मौज्दात** | | ८,३१,४६,६८८.४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बारेकोट गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बारेकोट गाउँपालिकाको उद्देश्य रहेको छ । यस बारेकोट गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, ५७७.५वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ७८९ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०९।०२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **स्थानीय संचित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | **४९४३८२०७।४८** | १ | चालु खर्च | २७७४८३१२२।१ | **४१७१५९४२१।१** |
| | क) नगद | | | २ | पूँजीगतखर्च | १३९६७६२९९ | |
| | ख)बैंक | ४९४३८२०७।४८ | | ३ | वित्तियव्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | | | क) ऋणभुक्तानी | **0** | |
| | क) आन्तरिकराजस्व | १७१९६८१ | **८३२७८४८५।०६** | | ख) ब्याजभुक्तानी | **0** | |
| | ख) राजस्वबाँडफाँड | ८१५५८८०४। | | | ग) अन्यभुक्तानी | **0** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०६ | | | | | | |
| | | | | ग) अन्य आय | 0 | | ४ | लगानी | 0 | | |
| | | | ३ | वित्तिय हस्तान्तरणसंघ | | **३३४१०३६५९** | | ऋण लगानी | 0 | | |
| | | | | क) वित्तियसमानीकरण अनुदान | ८२५००००० | | | शेयर लगानी | 0 | | |
| | | | | ख) सशर्तअनुदान | २३०७४२००० | | | अन्य लगानी | 0 | | |
| | | | | ग) समपूरकअनुदान | १६६६१६५९ | | ५ | धरौटीफिर्ता | ११५९०१६ | **११५९०१६** | |
| | | | | घ) विशेषअनुदान | ४२००००० | | ६ | जनश्रमदानफिर्ता | 0 | | |
| | | | ४ | प्रदेश सरकारबाटप्राप्त अनुदान | | **३४०७००१९** | ७ | विपद कोष खर्च | २९९५५१४ | **२९९५५१४** | |
| | | | | क) वित्तियसमानीकरण अनुदान | ८२११००० | | ८ | मौज्दात | | **८३१४६६८८।४४** | |
| | | | | ख) सशर्तअनुदान | १९८५९०१९ | | | क) बैंकमौज्दात | ३११२३५९६।७४ | | |
| | | | | ग) समपुरकअनुदान | ६०००००० | | | ख) नगदमौज्दात | | | |
| | | | | घ) विशेषअनुदान | 0 | | ९ | शसर्तअनुदान फिर्ता | ४२५०५१८०।७ | | |
| | | | ५ | अन्तरस्थानीय तहबाट प्राप्त | 0 | | १० | गत बर्षकोबढी अल्या | | | |
| | | | ६ | अन्य | 0 | | ११ | जनश्रमदानमौज्दात | | | |
| | | | | क)क्षेत्रीय शहरी विकास योजना | 0 | | १२ | धरौटमौज्दात | ३६४८४३५ | | |
| | | | | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ख) सडकबोर्ड नेपाल | 0 | | १३ | कोष खाताकोमौज्दात | ५८६९४७६ | | |
| | | | | ग) पर्यटनबोर्ड नेपाल | 0 | | | | | | |
| | | | | घ) एन एनएस डब्लु ए | 0 | | | | | | |
| | | | ७ | विभिन्नकोषतर्फको आय | | | | | | | |
| | | | ८ | जनसहभागिता (नगद) | 0 | | | | | | |
| | | | ९ | विषयगतनिकायबाट प्राप्त | 0 | | | | | | |
| | | | १० | धरौटी आय | ५७०२६९ | **५७०२६९** | | | | | |
| | | | ११ | लगानीकोसाँवा फिर्ता | 0 | | | | | | |
| | | | १२ | अन्य विविधआय | 0 | | | | | | |
| | | | १३ | विपदव्यवस्थापन काष | ३०००००० | **३००००००** | | | | | |
| | | | १४ | | | | | | | | |
| | | | १५ | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | जम्मा | | **५०४४६०६३९।५** | | जम्मा | | **५०४४६०६३९।५** | |
| ३ | | | **लेखापरिक्षणको क्रममा असुली :** वडा नं ४ को बाकी राजश्व तथा अन्य बेरुजुहरु रु.८२८०१।०० लेखापरीक्षणका क्रममा असुल दाखिला भएको । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **बैक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण यसप्रकार छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | ७०६९०३६।५८ | १०२७११५२।३८ | ३२०२११५।८ |
| २ | चालु खाता | २७१७०४१६।३६ | २९७७७७४१।३६ | २६०७३२५ |
| ३ | पूँजीगत खाता | २२९७४३७९।८० | १७०५४००४ | -५९२०३७५।८ |
| ४ | मर्मत खाता | ० | ० | ० |
| ५ | कल्याण कोष खाता | ० | ० | ० |
| ६ | प्रकोप व्य कोष खाता | ६०३९१२५ | ५८६९४७६ | -१६९६४९ |
| ७ | धरोटी | ३३६७८५१ | ३६४८४३५ | २८०५८४ |
| **जम्मा** | | **६६६२०८०८।७४** | **६६६२०८०८।७४** | **०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• पालिकाको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• पालिका संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।<br><br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावलि२०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२ )अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३७ जनाको दरबन्दी रहेकोमा २० दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.२६७२८२५३।०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री उमा शाहीले मिति २०७८।०३।१० गते रु.४४ करोड ६१ लाख ९२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>अबण्डा बजेट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड ९८ लाख ७५ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मिति तथा समयमा निर्णयबाट पुँजीगत तर्फ विभिन्न शीर्षकमा रु.१ करोड ९८ लाख ७५ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३५६०१</td><td>२८३३९</td><td>६.७९</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१४५१७१</td><td>११०९५५</td><td>२६.६०</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२३१८०९</td><td>२०७८५२</td><td>४९.८३</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>२७०८६</td><td>२३२९८</td><td>५.५८</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>६१४२४</td><td>४६७१२</td><td>११.२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५०१०९१</td><td>४१७१५६</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्य सामाजिक विकासमा सबैभन्दा बढी ४९.८३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ५.५८ प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **त्रैमासिक पूँजीगत खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चैमासिकखर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना | |
| १ | चालु खर्चतर्फ | २७७४८३ | ५१८९० | ७४२८१ | १५१३११ | ९३८७७ | |
| २ | पूँजिगत खर्चतर्फ | १३९६७६ | ३१०६ | ४४९६२ | ९१६०७ | ५०३६२ | |
| **जम्मा** | | **४१७१५९** | **५४९९६** | ११९२४३ | **२४२९१८** | **१४४२३९** | |
| **प्रतिशत** | | **१००** | **१३.१९** | २८.५८ | **५८.२३** | **३४.५८** | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४१ करोड ७१ लाख ५९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.५ करोड ४९ लाख ९६ हजार अर्थात १३.१९ प्रतिशत, दोश्रो चौमासिकमा रु.११ करोड ९२ लाख ४३ हजार,अर्थात २८.५८ प्रतिशत तेश्रो चौमासिकमा रु.२४ करोड २९ लाख १८ हजार, अर्थात ५८.२३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४ करोड ४२ लाख ३९ हजार अर्थात ३४.५८प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।पालिकाले तयार गरेको प्रगति विवरण निम्नानुसार रहेको छ।
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>४</td><td>०</td><td>४</td><td>०</td><td>०</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्य</td><td>१८४</td><td>०</td><td>०</td><td>०</td><td>१८४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न लेखा तथा प्रशासन सहायक, प्रशासन अधिकृत, प्राविधिकहरु, अनमी तथा अहेव लगायत पदमा ७० जना कर्मचारीहरु करारमा राखि रु.१८३२८२९६।०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न लेखा तथा प्रशासन सहायक, प्रशासन अधिकृत, प्राविधिकहरु, अनमी तथा अहेव लगायत पदमा ५० जना करार नियुक्ति गरी बर्षभरीमा रु.१७८६०२९६।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | १७,८६०,२९६ |
| १६ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br>**वडा संख्या**: ९; **वड सचिवको दरबन्दी**: ९; **वडा सचिवको पदपूर्ति**: ०; **रिक्त वडा सचिव**: ९ | |
| १७ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, १ वटा नियमावली, ८ कार्यविधि लगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यस वर्ष पनि कुनै पनि विवाद दर्ता नभएको जानकारी प्राप्त भयो । | |
| १९ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर बारेकोट गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २० | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २१ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान तथा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाको आन्तरिक आय खासै नभएको अवस्थामा यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१५ लाख ३३ हजार खर्च गरेको छ ।यस प्रकारको खर्चमा मितव्ययिता अपनाउनु पर्दछ। | |
| २२ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ४५ जनालाई रु.२०००।०० देखि रु.३००००।०० सम्म गरी रु.७५८५००।०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल रु.१५ लाखको मौलिक वाजा खरिद तथा ९ ओटै वडामा वितरण गरि उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ । यस्तो कार्यलाई निरुत्साहित गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सम्पत्ति हस्तान्तरण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ अषाढ मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ बमोजिम पेश्की फस्र्योट हुनुपर्दछ । यस वर्ष देहाय अनुसार म्याद नाघेको अन्य पेश्की रु१५३१०३५०।०० रहेको छ । म्याद नाघेको अन्य पेश्की फस्र्योट हुनु पर्ने रु<br>
<table>
<tr><th>सिन</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की प्रयोजन</th><th>रकम</th><th></th><th></th><th>म्याद</th></tr>
<tr><td></td><td></td><td></td><td>गत विगत आ व को पेश्कि वाकी</td><td>यस आ व को पेश्की वाकी</td><td>जम्मा पेश्की</td><td></td></tr>
<tr><td></td><td>कर्मचारी</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>८६०,३५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | कृर्षि अधिकृत छैठो ऐन बहादुर कार्की | कृर्षि विउविजन खरिद | ० | २२०००० | २२०००० | नाघेको | |
| | | | २ | लेखा तथा प्रशासन सहायक कालीबहादुर वुढा | वडा सचालन खर्च | ० | ७८५०० | ७८५०० | नाघेको | |
| | | | ३ | लेखा तथा प्रशासन सहायक गणेशबहादुर सिह | ६० वर्ष जेष्ठनागरीक भत्ता | ० | २४६००० | २४६००० | नाघेको | |
| | | | ४ | स्वास्थ्य सयोजक विरराज सिह | न्यानोऋला खरद | ० | १३५८५० | १३५८५० | नाघेको | |
| | | | | **ठेकेदार** | | | | | | |
| | | | १ | खडका कृष्ण शिवाजी जेवी | मोविलाइजेशन तोल्खान करुका सडकस्तरउन्नती | ० | ६०००००० | ६०००००० | म्याद ननाघेको | |
| | | | २ | खडका कष्ण शिवाजी जेवी | मोविलाइजेशन लिम्सा दह सडकस्तरउन्नती | ० | ८६००००० | ८६००००० | म्याद ननाघेको | |
| | | | ३ | धुलीखेल जे के। जे भी | मोविलाइजेशन ध्यापाटाकुरा लिम्सा सडकस्तरउनन्ती | ३५९७८४३ | ० | ३५९७८४३ | ननाघेको | |
| | | | | **उपभोक्ता सिमित** | | | | | | |
| | | | १ | तिलचोर देखि सिलिगी सम्के सडक नि उ स वडा न ७ | सडक निर्माण | १५०००० | ० | १५०००० | नाघेको | |
| | | | १ | राजुराजा सिह | वारेकोट दर्पन निर्माण | ० | ३०००० | ३०००० | नाघेको | |
| | | | **जम्मा** | | | **३७४७८४३** | **१५३१०३५०** | १९०५८१९३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१७१९६८१।०० अर्थात अनुमान भन्दा ९५.५३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २८ | | | **कर तथा शुल्क असुली -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>(तालिका तल)<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा वहाल कर | ० | ० | ० |
| व्यवसाय कर | ० | ० | ० |
| वहाल विटौरी शुल्क | ० | ० | ० |
| अन्य कर | १८००००० | १७१९६८१ | ९५.५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>**केन्द्रिय अनुदानबाट खर्च** / **आन्तरिक आय** / **आन्तरिक आय प्रतिशत**: ४१७१५९४२१ / १७१९६८१ / ४.१२<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.१२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३० | | | **राजश्व अभिलेख :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत ९ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु७४३५५००।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष..९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ४५०० | ४५०० | ४०५०० | २७००० | १२६००० | २०२५०० |
| २ | पत्रपत्रिका इन्टरनेट | ३६००० | ३६००० | ३२४००० | ७२००० | १८०००० | ६४८००० |
| ३ | टेलिफोन संचार | ३६००० | ३६००० | ३२४००० | ७२००० | ३६०००० | ८२८००० |
| ४ | अतिथि सत्कार | ६०००० | ४८००० | ४३२००० | ७२००० | ३६०००० | ९७२००० |
| ५ | अनुगमन खर्च | १८०००० | १४४००० | ८६४००० | ३९६००० | ७२०००० | २३०४००० |
| ६ | खानेपानी तथा सरसफाई | ४८००० | ३६००० | १०८००० | ७२००० | १८०००० | ४४४००० |
| ७ | विद्युत तथा ऊर्जा खर्च | ३६००० | ३६००० | १०८००० | ७२००० | १८०००० | ४३२००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १३५००० | ९०००० | १३५०००० | १६०६००० |
| **जम्मा** | | **४१५५००** | **३५५५००** | **२३३५५००** | **८७३०००** | **३४५६०००** | **७४३५५००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **स्वकीय सचिव र सल्लाहकार**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्ष को स्वकीय सचिवका रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री रोशन सिंह लाई नियुक्त गरी मासिक रु.१८ हजार का दरले रु.२ लाख ३४ हजार भुक्तानी गरेको तथा गाउँपालिका उपाध्यक्ष को स्वकीय सचिवका रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री जिवन तिरुवा लाई नियुक्त गरी मासिक रु.१५ हजार का दरले रु.१ लाख ९५ हजार भुक्तानी भएको छ । यसरी नियमावलीमा भएको व्यवस्था विपरितको कार्य नियमसम्मत नदेखिएको रु | १९५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **पदाधिकारी अन्य सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी गाउँपालिका उपाध्यक्ष ओमा शाहीलाई वडाको योजना अनुगमन वापत दैनिक भ्रमण भत्ता रु.११०००।०० भुक्तानी दिएको देखिन्छ ।यस प्रकारको खर्चमा रोक लगाउनु पर्ने देखिन्छ। | |
| ३५ | | | **छात्रवृत्तिः**<br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । यस पालिकाले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान संग ५ वर्षको सम्झौता गरि छात्रवृत्ति रकम भुक्तानी दिएको छ । यस प्रतिष्ठानमा एम.वि.वि.स अध्ययनरत रुपक प्रकाश ज्योतिको शुल्क भुक्तान सम्बन्धी सम्झौतामा ५ वर्षको रु.२८८७५००।०० भुक्तानी गर्ने सम्झौता गरेको छ । सोही अनुसार यस आर्थिक वर्षमा चौथो वर्षको शुल्क वापत रु.५७७५००।०० भुक्तानी गरेको छ । यस किसिमको छात्रवृत्ति कार्यक्रमको कार्यविधि बनाएको देखिदैन । पालिकाले कार्यविधि बनाएर आफ्नो आन्तरिक आयले धान्न सक्ने मात्र यस्ता कार्य गर्नु राम्रो देखिन्छ । | |
| ३६ | | | **थप सामाजिक सुरक्षा भत्ताः**<br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।नेपाल सरकारले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिरेहेको छ । यस पालिकाले थप सामाजिक सुरक्षा भत्ता वापत वडा नं १ देखि ९ सम्मका ६० वर्ष देखि ६९ वर्ष सम्मका जेष्ठ नागरिकलाई औषधि उपचार वापत प्रतिव्यक्ति वार्षिक रु.२५००।०० का दरले ५८३ जनालाई रु.१४५७५००।०० रकम वितरण गरेको छ । रकम वितरण वडाका जनप्रतिनिधिहरुको रोहवरमा नगदै वितरण गरेको भरपाई पेश भएको छ । यस्ता वितरण मुखि खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>ईन्धन खर्चको लगबुक नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा भएको कार्यालय प्रयोजनमा सवारी साधनको ईन्धन खर्च लेखेकोमा लगबुक भरेको पाईएन । जसले गर्दा वास्तविक रुपमा कति ईन्धन खर्च भएको हो एकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।<br><table><tr><th>सि न</th><th>प्रयोजन</th><th>ईन्धन</th><th>रकम</th></tr><tr><td>१</td><td>कार्यालय प्रयोजन</td><td>पेट्रोल तथा डिजेल</td><td>१०५१५७</td></tr><tr><td>२</td><td>अन्य प्रयोजन</td><td>पेट्रोल तथा डिजेल तथा अन्य</td><td>४७४०३१</td></tr><tr><td colspan="2">जम्मा</td><td></td><td>५७९१८८</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

<table>
<tr><th>विवरण</th><th>निवेदन दर्ता</th><th>सिफारिस भएको संख्या</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>0</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१११७</td><td>१११७</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१४७</td><td>१४७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>३२</td><td>३२</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२१६</td><td>२१६</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>६ किमि</td><td>०</td></tr>
<tr><td>कच्ची सडक मर्मत</td><td>१२ किमि</td><td>०</td></tr>
<tr><td>कच्ची सडक निर्माण</td><td>३० किमि</td><td>०</td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.११७२५७४।०० खर्च गरेको देखिन्छ । | |

| **गौ.नं.र मिति** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ११६।२०७८।१०।२६ | नन्कुराम होलीराम नेपालगञ्ज बाकेबाट उलन सल खरिद वापत भुक्तानी | उपाध्यक्ष संग एकल महिला कार्यक्रम एकल महिलालाई वितरण | १९५९९९ |
| १२८।२०७८।११।१२ | तिलक वस्त्रालय नेपालगञ्ज बाट उलन ढाका सल खरिद वापत भुक्तानी | उपाध्यक्ष सुत्केरी कार्यक्रम स्वास्थ्य संस्था मार्फत वितरण | ४७६९१९ |
| ३३।२०७८।७।२८ | नन्कुराम होलीराम नेपालगञ्ज बाकेबाट उलन सल खरिद वापत भुक्तानी | उपाध्यक्ष संग एकल महिला कार्यक्रम एकल महिलालाई वितरण | ४९९६५६ |
| | **जम्मा** | | **११७२५७४** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वियन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १०-50 लाख सम्म</th><th>50 लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>६०</td><td>४२</td><td>३०</td><td>१३</td><td>३२</td><td>७</td><td>१८४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि ६० लाख सम्मका जम्मा १८४ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ६० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
ठेक्का व्यबस्थापनः<br>
सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको खरिद कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>६५०९२</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>४</td><td>६५०९२</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
बार्षिक खरिद योजना/गुरुयोजना :<br>
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३ करोड ९६ लाख ७६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.९८९०९६, बजेटबाट खर्च गरेको छ ।<br><table><tr><td>सि.नं</td><td>सवारी साधन</td><td>संख्या</td><td>रकम</td></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>४</td><td>९८९०९६</td></tr><tr><td colspan="2">**जम्मा**</td><td>**४**</td><td>**९८९०९६**</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **पारिश्रमिक कर छूटः**<br>आयकर ऐन, 2058 को दफा 8७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । यस पालिकामा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | २२२,४२८ |

| कर्मचारीको नाम | खुद बार्षिक आय | कर छुट | कर योग्य आय | कट्टी गरेको | छुट पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| गोविन्द बहादुर सिंह | ७२८८६७ | ५६५९६८ | १६२८९९ | ०।०० | २२५८० |
| भीम ब चलाउने | ७२८८६७ | ५६५९६८ | १६२८९९ | ०।०० | २२५८० |
| ऐन बहादुर कार्की | ७०९८३६ | ५८०८४८ | १२८९८८ | ०।०० | १५७९७ |
| श्रम बहादुर सिंह | ५९९४७० | ४५०००० | १४९४७० | ०।०० | १९८९४ |
| वीन बहादुर शाह | ५९९४७० | ४५०००० | १४९४७० | ०।०० | १९८९४ |
| मोहन प्रकाश गिरि | ५४२१४० | ४५०००० | ९२१४० | ०।०० | ९२१४ |
| राम बहादुर रोकाय | ६२६९८८ | ४५०००० | १७६९८८ | ०।०० | २५३९७ |
| विष्णुराज ज्योती | ६२६९८८ | ४५०००० | १७६९८८ | ०।०० | २५३९७ |
| विरराज सिंह | ५६६९८८ | ४५०००० | ११६९८८ | ०।०० | १३३९७ |
| **विद्यालय तर्फः** | | | | | |
| गोरखबहादुर सिह | ५८८१३६ | ४५०००० | १३८१३६ | ०।०० | १७६२७ |
| लक्ष्मी खत्री | ५५२२३५ | ४५०००० | १०२२३५ | ०।०० | १०४४७ |
| कुवंरसिंह चौधरी | ५०७३८३ | ४५०००० | ५७३८३ | ०।०० | ५७३८ |
| डुमराज गिरी | ५२२३३३ | ४५०००० | ७२३३३ | ०।०० | ७२३३ |
| चन्द्रबहादुर खड्का | ५२२३३३ | ४५०००० | ७२३३३ | ०।०० | ७२३३ |
| **जम्मा** | | | | | **२२२४२८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **करार कर्मचारीलाई भत्ताः**<br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएको नियमसंम्मत नदेखिएको रु. | ६३७,३२० |

| सि न | पद नाम | भत्ता शिर्षक | रकम (मासिक) | जम्मा(वार्षिक) |
|---|---|---|---|---|
| १ | सव ईन्जिनियर केशव बहादुर श्रेष्ठ | स्थानीय भत्ता तथा मंहगी भत्ता | १०८०० | १२९६०० |
| २ | सव ईन्जिनियर ईश्वर विक्रम शाही | स्थानीय भत्ता तथा मंहगी भत्ता | ७५१० | ९०१२० |
| ३ | अ सव ई कर्ण बहादुर सिंह | स्थानीय भत्ता तथा मंहगी भत्ता | ६६०० | ७९२०० |
| ४ | अ सव ई पृथ्वी बहादुर नेपाली | स्थानीय भत्ता तथा मंहगी भत्ता | ६६०० | ७९२०० |
| ५ | कार्यक्रम अधिकृत श्रम बहादुर सिंह | स्थानीय भत्ता तथा मंहगी भत्ता | १०८०० | १२९६०० |
| ६ | कार्यक्रम अधिकृत वीन बहादुर शाह | स्थानीय भत्ता तथा मंहगी भत्ता | १०८०० | १२९६०० |
| **जम्मा** | | | | **६३७३२०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>
विल भरपाईः<br>
आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>११६। २०७८। १०।२६</td><td>उपाध्यक्ष संग एकल महिला कार्यक्रममा नन्कुराम होलीराम नेपालगञ्ज बाकेबाट उलन सल २०० थान खरिद वापत भुक्तानी रु.१६५९९९ मा सम्बन्धित लाई वितरण गरेको प्रमाण पेश नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१६५९९९</td></tr>
<tr><td>३३। २०७८।७। २८</td><td>उपाध्यक्ष संग एकल महिला कार्यक्रममा नन्कुराम होलीराम नेपालगञ्ज बाकेबाट उलन सल ५०० थान खरिद वापत भुक्तानी रु.४९९६५६ मा सम्बन्धित लाई वितरण गरेको प्रमाण पेश नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४९९६५६</td></tr>
<tr><td>४१७। ०७९।३। २९</td><td>दिप बहादुर महताराको भ्रमण खर्च पेश्की फर्स्योटमा रु.१६६०० भुक्तानीमा रु.११८०० मात्र पाउने देखिन्छ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>४८००</td></tr>
<tr><td>४०९। ०७९।३। २८</td><td>नागरिक आरोग्य केन्द्रको औषधि खरिदको पेश्की फर्स्योटमा रु.१०००००।०० भुक्तानीमा आरोग्य आयूर्वेद मेडिकल हलका खरिद भएको औषधि ११ आईटम रु.८००४५।०० को लेखापरिक्षणको अवधि सम्म पनि दाखिला भएको नदेखिएकाले दाखिला प्रतिवदेन प्रमाण पेश गर्नुपर्ने रु.</td><td>८००४५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६१७९२</td></tr>
</table>
</td><td>१,४२०,९५५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**भुक्तानीमा कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.६३०००।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.

<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>४१२।०७९।३।२८</td><td>राजेन्द्र सिंहको पेश्की फर्स्यौटमा खरिदमा कर छुट भएको</td><td>१५००००</td><td>१.५%</td><td>२२५०</td></tr>
<tr><td>४०५।०७९।३।२७</td><td>चक्र बहादुर सिंहको सामान खरिद मा कर छुट भएको</td><td>२०००००</td><td>१.५%</td><td>३०००</td></tr>
<tr><td>३१४।०७९।३।३</td><td>रेडियो जाजरकोटलाई पाश्व चित्र गित निर्माण वापत भुक्तानीमा कर छुट</td><td>३८५०००</td><td>१५%</td><td>५७७५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>६३०००</td></tr>
</table>

</td><td>६३,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने योजना छनौट तथा कार्यान्वयन गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.४११०८०।०० भुक्तानी दिएको पाईयो ।

<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कृषि तथा पशु एक गाउ एक प्राविधिक तलव</td><td>५० प्रतिशत तलव</td><td>४११०८०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>४११०८०</td></tr>
</table>

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४९ | | | **भ्रमण खर्च**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्ति -<br>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><td rowspan="2">क्र सं</td><td rowspan="2">विद्यालय</td><td colspan="4">शिक्षकदरबन्दी</td><td colspan="5">पदपुर्ती</td><td rowspan="2">विद्यार्थी संख्या</td></tr>
<tr><td>दरबन्दी</td><td>राहत</td><td>शिक्षण सिकाइ अनुदान संघ</td><td>गाउँपालिका शिक्षक अनुदान</td><td>स्थायी</td><td>करार</td><td>राहत</td><td>शिक्षण सिकाइ अनुदान</td><td>गाउँपालिका शिक्षक अनुदान</td></tr>
<tr><td>१</td><td>वालविकास</td><td>३२</td><td>०</td><td>०</td><td>२०</td><td>०</td><td>३२</td><td>०</td><td>०</td><td>२०</td><td>१३९७</td></tr>
<tr><td>२</td><td>प्रा वि</td><td>६५</td><td>२९</td><td>०</td><td>२९</td><td>५४</td><td>११</td><td>२९</td><td>०</td><td>२९</td><td>४३६४</td></tr>
<tr><td>३</td><td>नि मा वि</td><td>११</td><td>१४</td><td>५</td><td>२७</td><td>८</td><td>३</td><td>१४</td><td>५</td><td>२७</td><td>२१३२</td></tr>
<tr><td>४</td><td>मा वि</td><td>४</td><td>४</td><td>५</td><td>११</td><td>३</td><td>१</td><td>४</td><td>५</td><td>११</td><td>११२२</td></tr>
<tr><td>५</td><td>उमावि</td><td>३</td><td>१</td><td>०</td><td>०</td><td>०</td><td>३</td><td>१</td><td>०</td><td>०</td><td>८५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११५</td><td>४८</td><td>१०</td><td>८७</td><td>६५</td><td>५०</td><td>४८</td><td>१०</td><td>८७</td><td>९८६५</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –<br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. २०१६६९६३।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु
</td><td>२०,१६६,९६३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **कन्टेन्जेन्सी कट्टा गर्न नमिल्नेः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को खण्ड १(३) को (र) मा विद्यालयमा जाने भौतिक निर्माणको रकममा कार्यालयले कन्टेन्जेन्सी कट्टा गर्न नपाइने उल्लेख भएकोमा भगवती प्रावि भवन लाई राष्ट्रपति शैक्षिक सुधार तथा २ कोठे भवन निर्माणको निकासा रु १८ लाख दिदा रु ३६००० कन्टेन्जेन्सी कट्टा गरेर घटी निकासा दिएको छ । यसरी नियमावलिमा भएको व्यवस्था विपरितको कार्य अनियमित देखिएको रु | ३६,००० |
| ५३ | | | **सम्झौता अनुसार कार्य नभएकोः**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।तर यस पालिका अन्तर्गत निर्माण भएको विरेन्द्र ऐश्वर्या मावि २ कोठे भवन निर्माणमा लागत अनुमानमा २ कोठे भएकोमा कार्यसम्पन्न प्रतिवेदन र फिल्ड निरिक्षण गर्दा १ कोठे मात्र निर्माण भएको पाइयो । यसरी सघंबाट आएको लागत अनुमान भन्दा फरक तरिकाले भवन निर्माण गर्ने र गराउनेलाई जिम्मेवार बनाउदै विद्यालयले उक्त भवन २ कोठाकै बनेको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | १,८००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **पारिश्रमिक कर –**<br>आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायका शिक्षकहरुको नियमानुसार लाग्ने पारिश्रमिक कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | १७६,६०८ |

| सि न | कर्मचारीको नाम | वार्षिक आय | कर छुट | करयोग्य आय | कर गणना | जम्मा कर |
|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक खगेन्द्र वोहोरा | 609470 | 480000 | 129470 | 100000*10%= 10000<br>29470*20%= 5894 | 15894 |
| २ | + २ शिक्षक विरेन्द्र शाह | 584940 | 450000 | 134940 | 100000*10%= 10000<br>34940*20%= 6988 | 16988 |
| ३ | + २ शिक्षक महेन्द्र बहादुर बुढा | 703140 | 480000 | 223140 | 100000*10%= 10000<br>123140*20%= 24628 | 34628 |
| ४ | + २ शिक्षक कालिप्रसाद थापा | 703140 | 480000 | 223140 | 100000*10%= 10000<br>123140*20%= 24628 | 34628 |
| ५ | + २ शिक्षक लालबहादुर सिंह | 703140 | 480000 | 223140 | 100000*10%= 10000<br>123140*20%= 24628 | 34628 |
| ६ | मा वि शिक्षक सम्शेर बुढा | 633470 | 480000 | 153470 | 100000*10%= 10000<br>53470*20%= 10694 | 20694 |
| ८ | मा वि शिक्षक महेन्द्र बहादुर सिह | 527870 | 480000 | 47870 | 47870*10% = 4787 | 4787 |
| ९ | मा वि शिक्षक चन्द्र देव शाह | 527870 | 480000 | 47870 | 47870*10% = 4787 | 4787 |
| १० | मा वि शिक्षक जनक बहादुर पुन | 527870 | 480000 | 47870 | 47870*10% = 4787 | 4787 |
| ११ | मा वि शिक्षक सुरेन्द्र बस्नेत | 527870 | 480000 | 47870 | 47870*10% = 4787 | 4787 |
| **जम्मा** | | | | | | **176608** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>जलवायु परिवर्तन कार्यक्रम (LAPA) को आम्दानी खर्चः
<table>
<tr><th>सि न</th><th>योजनाको नाम</th><th>अनुदान रकम</th><th>पालिकाको अशं</th><th>कार्य सम्पन्न प्रतिवेदन अनुसार कूल काम</th></tr>
<tr><td>१</td><td>रुम्सिल तटबन्धन तथा सिचाई योजना</td><td>१२५३१८३</td><td>१२५३०२</td><td>१६५०९९१</td></tr>
<tr><td>२</td><td>धौलाकोट खानेपानी योजना</td><td>१८१९९२१</td><td>१०२७८३</td><td>२४२२९२३</td></tr>
<tr><td>३</td><td>दह देखि ठाकूर जी पदमार्ग निर्माण</td><td>३१४६९१४</td><td>३७००७३</td><td>३९४०४५७</td></tr>
<tr><td>४</td><td>सिमतरासुवार खोला तटबन्धन योजना</td><td>१८०८२९९</td><td>१८०८२८</td><td>२२८६६७१</td></tr>
<tr><td>५</td><td>नौमूल साघुतरा सिचाई योजना</td><td>१४९२३५२</td><td>१४९२३५</td><td>१८७२३०२</td></tr>
</table>
• दह देखि ठाकूर जी पदमार्ग निर्माण योजनामा NCCSP को कूल अनुदान रकम रु २७७६८४० भुक्तानी हुनुपर्नेमा पालिकाको अशं रु ३७०००७३ समेत भुक्तानी भएकोले पालिकाको अंश वराबरको रकम संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु</td><td>३७०,०७३</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम सिलाईकटाई तालिमः<br>आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले १५०।२०७९।३।३ बाट सिलाई कटाई तालिम सञ्चालन गर्नका लागि कोटशेन मार्फत Nepal Institute of technical and vocational training pvt ltd लाई रु १३३९२४७ भुक्तानी दिएको छ । उक्त सस्थाले ६५ दिनसम्म २० जना सहभागीलाई तालिम सञ्चालन गरेको भनी वडाको सिफारिस पेश भएको छ । तालिम संयोजक मन्जु बस्यालले पेश गरेको प्रतिवेदनमा कार्यक्रम सुरु मिति, सम्पन्न मिति, तालिमबाट भएका उपलब्धी लगायतका कुनै पनि विवरण छैन । उक्त कार्यक्रममा २० सेट सिलाई मेशिन खरिद गरेकोमा उक्त मेशिनहरु सहभागिलाई हस्तान्तण गरेको भर्पाइ समेत पेश भएको छैन । उपलब्ध भएको प्रतिवेदनका आधारमा तालिम सञ्चालन भएकोमा आश्वस्त हुन नसकिएको रु</td><td>१,३३९,२४७</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>मोटरसाइकल खरिदः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले २५।२०७९।३।२४ बाट रु २४६९०० को Pulsar 125 cc Black Color MD2B64BXXMPJ-05788 मोटरसाइकल कार्यालयको नाममा नामासारी भएको प्रमाण पेश गर्नुपर्ने रु</td><td>२४६,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.३०८३६६९।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिकरु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा ३३९ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु २०३४००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **गत बर्षको दायित्व -**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा कोभिड १९ कार्यक्रम अन्तर्गत बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ५५८३२० भुक्तानी दिन बाँकी रहेको बिबरण नराखी यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । यसरी भुक्तानी दिन बाकीको विवरण नराखी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु | ५५८,३२० |
| ६१ | | | **राहत वितरणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोषबाट ५ जनालाई रु १ लाख ७५ हजार देखि २ लाख सम्म राहत वितरण गरेका छन् । राहत वितरण खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>

**कृषि कार्यक्रम तर्फः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।

<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>विउ विजनको मूल्य</th></tr>
<tr><td rowspan="2">१३।२०७८।११।३०</td><td>सिमि, वोडी, काक्रा, टमाटर लगायत तरकारीको २६४० प्या विउ खरिद</td><td>२७९३००</td></tr>
<tr><td>मूला, गाजर, काउली, बन्दा, धनिया लगायत तरकारीको ३१ के जी विउ खरिद</td><td>१४९५०</td></tr>
<tr><td>२३।२०७८।७।२९</td><td>गहु विउ खरिद ६०० के जी</td><td>५१०००</td></tr>
<tr><td>२६।२०७८।९।४</td><td>गहु विउ खरिद ४५०० के जी</td><td>३७६८७५</td></tr>
<tr><td>१८५।२०७९।३।२१</td><td>मकै विउ खरिद देउती ७ क्वीन्टल र मनकामना १२०० के जी</td><td>२१८०००</td></tr>
<tr><td>२०४।२०७९।३।२४</td><td>विरुवा खरिद कि वी कलमी ५०० वटा</td><td>१६२५००</td></tr>
<tr><td>३०९।२०७९।३।२४</td><td>मौसम कलमी विरुवा खरिद २००० वटा, कलमी खरिद ११२५ वटा, विजु खरिद १००० वटा</td><td>५७५०००</td></tr>
<tr><td>२९८।२०७९।३।२४</td><td>विरुवा खरिद कोइरालो १०९२ वटा , राकी ९९० वटा, नेपीयर २४८४ वटा र किम्बु ९२६ वटा</td><td>८५०००</td></tr>
<tr><td>३१४।२०७९।३।२५</td><td>विरुवा खरिद कागती ७४० वटा, ओखर २०० वटा, मौसम ५०० वटा र अनार ११० वटा</td><td>९५७००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८५८३२५</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>

**भुक्तानीमा कर –**

आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीलाई शोधभर्ना भुक्तानी गर्दा उक्त भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेकोले सम्बन्धीत कर्मचारीबाट असुल गर्नुपर्ने रु

<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>१७४।२०७९।३।१९</td><td>विरेन्द्र ऐश्वर्या मावि आइसिटी निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
<tr><td>१६६।२०७९।३।१२</td><td>सीता मावि विज्ञान प्रयोगशाला निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
<tr><td>२३७।२०७९।३।२७</td><td>दिपेन्द्र मावि पुस्तकालय निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
<tr><td>२३६।२०७९।३।२७</td><td>वीन बहादुर शाह</td><td>११६२७३५</td><td>१.५ %</td><td>१९७५</td></tr>
<tr><td>२३१।२०७९।३।२५</td><td>राजेन्द्र बहादुर सिह</td><td>५११७५</td><td>१.५ %</td><td>७६८</td></tr>
<tr><td>२९७।२०७९।३।२३</td><td>धिरज ढाका कपडा उद्योग</td><td>१०००००</td><td>१.५ %</td><td>१५००</td></tr>
<tr><td>३१६।२०७९।३।२५</td><td>चक्र बहादुर सिह</td><td>४५००००</td><td>१.५ %</td><td>६७५०</td></tr>
</table>

</td><td>४०,२४३</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>

**अनुदानको अनुगमन –**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले ३२ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई रु ५० लाख ६२ हजार बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>

**कर दाखिला नभएकोः**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिला प्रमाण पेश गर्नुपर्ने रु

<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>३।२०७९।३।२३</td><td>खिम बहादुर रोकाया ढुवानी कर</td><td>१० %</td><td>७६९०</td></tr>
<tr><td>२३६।२०७९।३।२७</td><td>वीन बहादुर शाह ढुवानी कर</td><td>१० %</td><td>२२५०</td></tr>
<tr><td>२३५।२०७९।३।२६</td><td>विरराज सिह ढुवानी कर</td><td>१० %</td><td>४०००</td></tr>
<tr><td>१९५।२०७९।३।२३</td><td>दिपक रावल ढुवानी कर</td><td>१० %</td><td>५०००</td></tr>
<tr><td>२०४।२०७९।३।२४</td><td>ऐनबहादुर कार्की पारिश्रमिक कर</td><td>१५ %</td><td>४५०</td></tr>
<tr><td>२१३।२०७९।३।२४</td><td>श्रमबहादुर सिह ढुवानी कर</td><td>१० %</td><td>६५००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>२५८९०</td></tr>
</table>

</td><td>२५,८९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **नाफामूलक फर्म तथा व्याक्तिलाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।तर पालिकाले यस वर्ष निम्नानुसारका नाफामूलक तथा व्यक्तिगत फर्मलाई अनुदान दिइ खर्च लेखेको छ ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।<br><br>क्र स \| फर्मको नाम \| अनुदान रकम<br>१ \| महेन्द्र कृषि फर्म \| ३८०००<br>२ \| लालिगुरास कृषि फर्म \| ३४१५२<br>३ \| आशिष कृषि फर्म \| १८७५००<br>४ \| सिह कृषि फर्म \| १८७५००<br>५ \| सौजन्य कृषि उत्पादन तथा सप्लायर्स \| १८७५००<br>६ \| वोहोरा कृषि फर्म \| ४७५००<br>**जम्मा** \| **६८२१५२** | |
| ६७ | | | **वढी भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले २११।२०७९।३।२४ बाट मेड्पा संयोजक हृदयमान शाहले ७ दिने कुखुरापालन तालिम वापत प्रशिक्षक योगेन्द्र बहादुर सिहलाई एकमुष्ठ रु १८००० मा १५ % करकट्टी गरी रु १५३०० भुक्तानी गरेको छ । उक्त रकम दैनिक २५७१.४२ का दरले भुक्तानी भएको देखिन्छ । कार्यविधिमा भएको व्यवस्था बमोजिम दैनिक १४०० का दरले ७ दिनको ९८०० मा १५ प्रतिशत कर कट्टी गरी रु ८३३० भुक्तानी दिनुपर्नेमा रु १५३०० भुक्तानी दिएकोले रु ६९७० वढी भुक्तानी भएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु | ६,९७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **किसान सुचिकरण कार्यक्रमः**<br>आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाले किसान सुचिकरण कार्यक्रमको लागि ५ जना गणकलाई करार सम्झौता गरी गणक सुचिकृत गरेवापत सुविधा भुक्तानी हुने भनी रु १६९९५० खर्च लेखेको छ । उक्त गणकहरुले सुचिकृत किसानको कुनै पनि प्रतिवेदन पालिकामा पेश गरेको पाइएन । उक्त गणकहरुको खाता रोक्का गरेर राखेको भन्ने कार्यालयको भनाई रहेको छ ।पालिकाले सम्पूर्ण कार्यसम्पन्न भएपछि मात्र कानून बमोजिम रकम भुक्तानी दिनुपर्दछ अन्यथा उक्त रकम सम्बन्धीत निकायमा फिर्ता गर्नुपर्ने देखिएको रु. | १६९,९५० |
| ६९ | | | **कर्मचारी प्रोत्साहन भत्ता -**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यालयका कर्मचारी श्रमबहादुर सिहलाई बहुक्षेत्रीय पोषण कार्यक्रमको फोकल पर्सनको काम गरेवापत भनी निर्णय गराएर ६ महिनाको प्रतिमहिना ५ हजारका दरले रु ३० हजार भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ।स्थानीय तहले कानुन नबनाएको तथा अर्थ मन्त्रालयको स्वीकृती नलिएकोले उक्त खर्च अनियमित भएको रु. | ३०,००० |
| ७० | | | **नर्म्स भन्दा वढी भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९(१०) मा सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विउरी देखि मन्डली सम्म पर्यटन पदमार्ग वापत DOR guideline अनुसार Hard rock cutting को Foot trail rate (without blasting) मा गोरेटो बाटो तथा घोरेटो बाटो निर्माण कार्यको प्रति घनमिटर १२ अदक्ष कामदार लाग्ने देखिएकोमा लागत अनुमानमा प्रति घनमिटर २४.२ अदक्ष कामदार राखि ल.ई. तयार पारेको देखिएकोले बास्तविक भुक्तानी खर्च हुनुपर्ने भन्दा बढी खर्च भुक्तानी भएको छ । प्रति घनमिटर १२ कामदार राख्दा जिल्ला दररेट अनुसार Hard Rock Cutting को दर प्रती घन मिटर रु ६९२४ हुनेमा २४.२ कामदार राखी प्रति घनमिटर रु १३९६३.४ राखेर भुक्तानी भएको छ । यस प्रकार Hard rock cutting मा ६ घनमिटर कामको दर रु ६९२४ राखेर रु ४१५४४ भुक्तानी दिनुपर्नेमा ६ घनमिटर कामको दर रु १३९६३.४ राखेर रु ८३७८०.४ भुक्तानी दिइ रु ४२२३६.४ वढि भुक्तानी दिएको छ ।यसरी नियमानुसार भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु | ४२,२३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –** <br> प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको पाइएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४३४ जनालाई रोजगारी उपलव्ध गराई रु.२२५६९०६५।०० खर्च गरेको छ । लक्षित वर्गलाई ३० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **टुक्रा पारी खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ । साथै एकै प्रकारका साम्रग्रीहरु टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष गाउँपालिका डिजिटाइजेशन परियोजना अन्तर्गत निम्नअनुसारका साम्रगी खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु. ५६५७०८९ को टुक्रा पारी खरिद गरेको देखियो । पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार खरिद गर्नुपर्दछ । | |

| क्रस | भुक्तानी पाउनेको नाम | खरिद साम्रगी | भुक्तानीरकम |
|---|---|---|---|
| १ | **Data Pro Trading** | कम्प्यूटर,डेस्कटप,प्रिन्टर लगायतका साम्रगी | ९९२१०० |
| २ | **Tech Pro Concern** | कम्प्यूटर,डेस्कटप,प्रिन्टर लगायतका साम्रगी | ९१७५०० |
| ३ | **Pixel Trading Pvt Ltd** | कम्प्यूटर,डेस्कटप,प्रिन्टरलगायतकासाम्रगी | ७११००० |
| ४ | **Spins Computer International** | कम्प्यूटर,डेस्कटप,प्रिन्टर लगायतका साम्रगी | ९३५००० |
| ५ | **S R Tech Suppliers Pvt Ltd** | सोलार सेट खरिद | ६०१९९५ |
| ६ | **C N Tech Suppliers Pvt Ltd** | सोलार सेट खरिद | ९५१९९४ |
| ७ | **S R Tech Suppliers Pvt Ltd** | सोलार सेट खरिद | ५४७५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **विलभर्पाई नभएकोः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ ।पालिकाले काउली स्याल लुहाग सडक स्तरोन्नती वापत कार्यसम्पन्न प्रतिवेदनमा मेशिनको कूल कार्य रु ११५५९८४ को भएकोमा मेशिन चालक प्रविन शर्माले रु ३५०००० रकम मात्र बुझेको भर्पाइ पेश भएको छ ।बाकी रु ८०५९८४ रकमको कुनै पनि प्रमाण पेश भएको छैन । यस सम्बन्धमा पालिकाले यकिन गरि आवश्यक प्रमाण पेश गर्नुपर्ने रु | ८०५,९८४ |
| ७५ | | | **जनश्रमदान –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | ३५,८४६ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | कट्टी भएको रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| २७।२०७९।३।२४ | विरेन्द्र ऐश्वर्य मावि भवन निर्माण समीती | २३१४७८८.९७ | २३१२६२३.०१ | २३.७९ | ५१४३२७.३६ | ३५८४५.६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| गो.भौ नं/मिति | योजनाको नाम | लागत अनुमान | मूल्यांकन | यस वर्ष भुक्तानी |
|---|---|---|---|---|
| ३६।२०७९।३।२५ | काउली कार्की ज्यूला सडक निर्माण | ६००५१४७.६८ | ३४३१३५०.०१ | २७४२६७८.०६ |
| ३७।२०७९।३।२६ | काउली स्याल लुहाग सडक स्तरोन्नती | ६२३८६२५.०५ | ५१११६३० | ४०१४६७४.२ |
| २९।२०७९।३।२५ | भगवती आवि जिरी भवन निर्माण | ९९७३७५७.९७ | २४२०३०४ | १९६०००० |
| ११।२०७८।११।२८ | रोकायगाउ मुल्साम सडक निर्माण | २५०६५२७.५ | २१८५८७० | १७४०६९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **गुणस्तर परीक्षण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निम्न उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् । | |

| सि न | उपभोक्ता समीतिको नाम | सामान | रकम |
|---|---|---|---|
| १ | काउली स्याल लुहाग सडक स्तरोन्नती उ स | Gabion box (2*1*1)=1375 sqm<br>Gabion box (1*1*1)=960 sqm<br>Gabion box (1.5*1*1)=320 sqm | ८६०४६६.७५ |
| २ | सिमतरा सुवार खोला तटबन्धन योजना उ स | Gabion box (2*1*1)=1320 sqm | ४२०६३१ |
| ३ | रुम्सिल तटबन्धन तथा सिचाई उ स | Gabion box (2*1*1)= 75 वटा<br>Gabion box (1.5*1*1)= 168 वटा | ६०९५९४ |
| ४ | कालाढुङ्गा सिचाई योजना उ स | Gabion box (2*1*1)=60 वटा | २४७५५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **निर्माण व्यावसायीले कर विजक पेश नगरेकोः**<br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ मा दर्ता भएको विक्रेताले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाइ अनिवार्य विजक दिनुपर्ने व्यवस्था छ भने दफा १८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपुर्वकको कर विजक जारी गर्नुपर्दछ । पालिकाले देहायका उपभोक्ता समितिलाई सडक निर्माण वापत रकम भुक्तानी गर्दा मेशीन प्रयोग गरी कार्य गरेको देखिन्छ । उपभोक्ता समितिले कार्य गरेवापत निर्माण व्यावसायी सँग डोजरको सम्झौता गरी उक्त निर्माण व्यावसायी लाई भर्पाईको आधारमा रकम भुक्तानी गरेको छ ।तसर्थ उक्त मेशिन वापत खर्च भएको मूल्य अभिवृद्धि कर र मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार लाग्ने जरीवाना समेत हिसाव गरी संघिय संचित कोषमा दाखिला गर्नेपर्ने रु. | ८७,४३४ |

| गो.भौ.नं. र मिति | उपभोक्ता समिति | मेसिनको रकम भुक्तानी लिनेको नाम | मेशिन प्रयोग भै भुक्तानी भएको रकम रु. | मूल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| ३६।२०७९।३।२५ | काउली कार्की ज्यूला सडक निर्माण उ स | फडिन्द्र सुनार | ३७५००० | ४३१४२ |
| २८।२०७९।३।२४ | लिम्सा खेलमैदान निर्माण उ स | खम्ब घर्ती | ३५००० | ४०२७ |
| ३७।२०७९।३।२६ | काउली स्याल लुहाग सडक स्तरोन्नती | प्रविन शर्मा | ३५०००० | ४०२६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **सव कन्ट्याक्टरबाट काम गराएको :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ११।२०७८।११।२८ | रोकायगाउ मुल्साम सडक निर्माण उ स | १७४०६९६ | रोयल एन वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ११३०३६७ |
| १८।२०७९।१।२५ | कोलपानी वण्डाला सुवाकोट सडक निर्माण उ स | १९२०३०६ | श्री कृष्णा कन्स्ट्रक्सन | २०००१०० |
| ५।२०७९।१।१९ | अर्यना आपदुगा भैसामारै सडक निर्माण उ स | ५९७२८९ | रोयल एन वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५९७२८९ |
| २९२।२०७९।३।२२ | वडा कार्यालय देखि नौमूली सम्म सडक निर्माण उ स | ८९९००० | अध्यारो उज्यालो निर्माण सेवा | ६३८५०० |
| **जम्मा** | | **५१५७२९१** | | **४३६६२५६** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **लिम्क जिरी सोलार वितरणः**<br>यस पालिकाले २।२०७९।३।२४ बाट कूल ७० लाखको लागत अनुमान वनाई लिम्क जिरी सोलार वितरण उपभोक्ता समितिलाई सोलार खरिद, वितरण तथा जडान गर्नका लागि रु ६८५७९०७ भुक्तानी दिएको छ ।समितिले रु ५८२५२८९ को सोलार सेट एउटै विक्रेतसँग सोझै खरिद गरेको छ । वडा नं ४ को वडा सिफारिस अनुसार उक्त समितिले २३३ थान सोलार प्यानल खरिद गरी जडान तथा वितरण कार्य सम्पन्न गरेको भनी पत्र पेश गरेको छ । लागत अनुमानमा २१० सेट सोलार खरिद तथा जडान गर्ने भएकोमा कार्यसम्पन्न प्रतिवेदनमा २३३ सेट सोलार जडान गरेको भनी मूल्यांकन भएको छ । उक्त सोलार सेट कुन कुन परिवारलाई वितरण गरेको सम्बन्धमा वितरण भर्पाई पेश भएको छैन । पालिकाले वास्तविक कति सोलार खरिद गरी कसलाई वितरण गरेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **एकृकीत वस्ती विकास कार्यक्रमः**<br>मनसुनजन्य विपद प्रभावित निजी आवास पूनःनिर्माण तथा पूनस्थापना अनुदान कार्यविधि २०७७ अनुसार पालिकाले वडा न ५ अन्तर्गतका ३० जना र वडा न ४ अन्तर्गतका ३० जना लाभग्राही छनौट गरी ६० जनालाई प्रतिपरिवार लागत अनुमान रु ७९८६०८.३६ मा अनुदान रु ४८०००० र बाकी श्रमदान हुनेगरी यस वर्ष प्रतिपरिवारलाई रु ३६०४९८.५९ का दरले रकम रु २१६२९९१५ बैक खातामा भुक्तानी गरेको छ । उक्त लाभान्वित परिवारको घर बन्ने जग्गाको लगत सम्बन्धीतकै नाममा भएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । उक्त कार्यक्रम आर्थिक वर्ष भित्र नै सम्पन्न हुनेगरी सम्झौता भएकोमा कार्यसम्पन्न भएको पाइएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम नै लाभग्राही छनौट गर्ने सम्बन्धमा पालिका नै जिम्मेवार हुनुपर्दछ भने कार्यविधि अनुरुप सम्पूर्ण कार्य समयमै सम्पन्न गरी पालिकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ८२ | | | **उपभोक्ता समितिलाई मुअकर–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिकृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले लिम्क जिरी सोलार वितरण उपभोक्ता समितीलाई सोलार खरिद वापत लागत अनुमान बनाउदा भ्याट सहितको मूल्य राखेर बनाएको र कार्यसम्पन्न भएपछि पनि कार्यसम्पन्न प्रतिवेदनमा पुनः भ्याट जोडेर भुक्तानी गरेको हुदा रु ६८२५०० दोहोरो भ्याट भुक्तानी भएको छ । यसरी दोहोरो भुक्तानी भएको भ्याट रकम असुल गर्नुपर्ने रु | ६८२,५०० |
| ८३ | | | **कालढुङ्गा सिचाई योजनाः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ ।पालिकाले ३०३।२०७९।३।२४ बाट कालाढुङ्गा सिचाई योजना उपभोक्ता समीतिलाई रकम भुक्तानी गर्दा पेश गरेको विलमा रु २४७५५५ बराबरका ६० वटा (2*1*1) का ग्याविन खरिद गरेको छ तर प्राविधिकले तयार पारेको कार्यसम्पन्न प्रतिवेदनमा जम्मा ११ वटा मात्र ग्यावसिन जालि प्रयोग भएको पेश भएको छ । उपभोक्ता समीतिले रु २०२१७० बराबरका बाकी ४९ वटा जालिको प्रयोग भएको प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा उक्त रकम उपभोक्ता समीतिबाट असुल गर्नुपर्ने रु | २०२,१७० |
| ८४ | | | **रितपूर्बकको कर बिजक तथा प्रतिलिपि बिलः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ३०४।२०७९।३।२४ बाट रित पूर्कको कर वीजक बेगर (फोटोकपी विल) वुटवल इलेक्ट्रोनिक्स एण्ड ट्रान्सफर प्रा लि (६१०१६५४७०) लाई मुअकर रकम रु १४१७४ सहित रु १२३२०४ भुक्तानी गरेको छ । तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १४,१७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ८६ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ८७ | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **अन्य कार्यालयको खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता, मितव्यिता ,प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br><br>सि.नं. \| भुक्तानी पाउने संस्थाको नाम \| प्रयोजन \| रकम<br>१ \| जिल्ला अदालत जाजरकोट \| अनुदान \| ५००००<br>२ \| नेपाल रेडक्रस सोसाइटी बारेकोट \| अनुदान \| १४९८६३<br>जम्मा \| \| \| १९९८६३<br><br>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ८९ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.२९४०००।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । मिति २०७९।४।८ मा उक्त रकम खर्च नभई प्रदेश लेखा ईकाई जाजरकोटमा फिर्ता भएको गरेको छ । | |
| ९० | | | **सामाजिक सुरक्षातर्फः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९०.१ | | | पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ । | |
| ९०.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाँउपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण अनुसार बैक मार्फत रु २५१३८७२.३४ फिर्ता गर्नुपर्ने देखिएको छ । पालिकाले कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| ९१ | | | अनुगमन तथा सम्परीक्षण<br>– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ८२१३० | १००८७ | ७२०४३ |

यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछर्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७७।०७८ | ६६ | नागरिक आवासको पे फ | | | | ४०५३ | ४०५३ |
| | | | ध्यापाटाकुरा सडक स्तरउन्नती पे फ | | | | ५६०२ | ५६०२ |
| २ | २०७५।०७६ | १६ | असुल दाखिला महेन्द्र ब शाह | ८२ | | | | ८२ |
| ३ | २०७६।०७७ | ९२ | सेपुखोला झो पुको | | | | ३४९ | ३४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पे फ | | | | | |
| | | **जम्मा** | | **८२** | | | **१०००४** | **१००८७** |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ८२१३० | १००८७ | **४८०९७** | ० | १२०१४० |